गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

# मत्स्य विकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०५/३१ मा स्वीकृत ।
(पहिलो संसोधन मिति २०७८/०६/१०)
(दोस्रो संसोधन मिति २०८०/०६/१६)
(तेश्रो संसोधन मिति २०८०/०५/२८)

मत्स्यपालन व्यवसायलाई सुदृढ गरी माछाको उत्पादन तथा उत्पादकत्व वढाई बजारीकरणका कार्यहरु समेत गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी माछा पोखरी निर्माण/सुधार, मत्स्य ह्याचरी स्थापना, मत्स्य नर्सरी स्थापना सम्बन्धी कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु :

१.१ आवेदकको योग्यता :

क) आवेदक कृषक/फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ ।

ख) मत्स्य ह्याचरी स्थापनाका लागि पहाडमा न्युनतम ०.५ हेक्टर र तराईमा न्युनतम १.५ हेक्टरमा माछापालन गरिरहेको, माउ माछा र माछा भुरा पालनको व्यवस्था आफै गर्न सक्ने हुनुपर्नेछ।[3]

१.२ पेश गर्नुपर्ने कागजातहरु :

क) माछा पाल्नका लागि उपयुक्त जग्गा भएको/माछा पालन भइरहेको प्रमाण पेश गर्नुपर्नेछ।

ख) आवेदकको कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी वूदा नं ३ वमोजिमको ढाँचामा तयार गरीएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

घ) आवेदकको आफ्नै वा नीजको एकाघरको परिवारको स्वामित्वमा भएको जग्गा हुनुपर्नेछ वा जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागी प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु :

---

[1] प्रथम संसोधनवाट संसोधित

[2] दोश्रो संसोधनवाट संसोधित

[3] तेश्रो संसोधन बाट संसोधित

3+ तेस्रो संसोधनवाट थपिएको

| क.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण) | २५ |
| १.१ | लागत | ५ |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| १.२ | रोजगारी सृजना | ५ |
| १.२.१ | एकाघरको परिवार बाहेक कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |
| १.२.२ | एकाघरको परिवार बाहेक अन्यलाई रोजगारी नदिने | ३ |
| १.३ | उत्पादन र उत्पादकत्व वृद्धि | १० |
| १.३.१ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा वढीले वृद्धि गर्ने | १० |
| १.३.२ | हालको उत्पादनमा ४० प्रतिशत भन्दा कमले वृद्धि गर्ने | ६ |
| १.४ | बजारीकरण | ५ |
| २ | पूर्वाधार र प्राविधिक उपयुक्तता | १० |
| २.१ | पूर्वाधार | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| २.२ | प्राविधिक उपयुक्तता | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको | ३ |
| ३ | आवेदकको अनुभव तथा क्षमता | ५ |
| ३.१ | २ वर्ष वा सो भन्दा वढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | लाभान्वित घरधुरी | ५ |
| ४.१ | १० वा १० भन्दा वढी | ५ |

[1] प््रथम संसोधनवाट संसोधित

[2] दोश्रो संसोधनवाट संसोधित

[3] तेश्रो संसोधन बाट संसोधित

[3*] तेस्रो संसोधनवाट थपिएको

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

| | | |
|---|---|---|
| ४.२ | १० भन्दा कम | ३ |
| ५ | अपेक्षित नतिजा र दिगोपना | ५ |
| ६ | अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको | १० |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| जम्मा | | ६० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तताको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

## ३. प्रस्तावको ढाँचा

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या :

च) संचालन गरिने क्रियाकलापहरुको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |

[1] प्रथम संसोधनवाट संसोधित

[2] दोश्रो संसोधनवाट संसोधित

[3] तेश्रो संसोधन बाट संसोधित

3+ तेस्रो संसोधनबाट थपिएको

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

छ) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, रोजगारी सृजना, आदि):

| क्र.सं. | विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

ज) उत्पादित वस्तुहरुको बजारीकरण कहाँ, कसरी र कति मात्रामा गर्ने :

झ) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

नाम:

छाप:

ठेगाना:

सम्पर्क व्यक्ति:

दस्तखत:

---

[1] प्रथम संसोधनवाट संसोधित

[2] दोश्रो संसोधनवाट संसोधित

[3] तेश्रो संसोधन बाट संसोधित

[3+] तेस्रो संसोधनबाट थपिएको

मितिः

४. संचालन गर्न सक्ने क्रियाकलापहरु :

स्वीकृत बजेटको परिधी भित्र रही देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) नयाँ पोखरी निर्माण/ पूरानो पोखरी सुदृढीकरण :

प्रति रोपनी उपलब्ध गराउने अनुदान रकमः नयाँ पोखरी निर्माणमा रु २५,०००/- (अक्षरुपी पच्चिस हजार मात्र)/पूरानो पोखरी सुदृढीकरणमा रु १०,०००/-(अक्षरुपी दश हजार मात्र)[2], स्वीकृत लागत अनुमानका आधारमा रेश वे निर्माण।

(ख) मत्स्य ह्याचरी स्थापना :

मत्स्य विज (ह्याचलिङ) उत्पादनका लागि आवश्यक भौतिक संरचनाहरु निर्माण र ह्याचरी संचालनमा आवश्यक पर्ने उपकरण खरिद[2]

(ग) नर्सरी स्थापना :

नर्सरी पोखरी निर्माण, भुरा वितरण, टयाङ्कीहरु निर्माण, पानी व्यवस्थापन र नर्सरी संचालनमा आवश्यक पर्ने उपकरण खरिद।

(घ) मत्स्य उत्पादन तथा व्यवसायको बजार पूर्वाधार विकास, जैविक सुरक्षा, यन्त्र उपकरण, बजारीकरण, चिलिङ सामग्री, प्याकेजिङ, पोष्ट हार्भेष्ट आदिसँग सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

५. मत्स्य विकास सम्बन्धी आयोजना सञ्चालन गर्ने निकायहरूले यसै मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्न कुनै बाधा पर्ने छैन।

---

[1] प्रथम संसोधनवाट संसोधित

[2] दोश्रो संसोधनवाट संसोधित

3 तेस्रो संसोधनवाट संसोधित

3+ तेस्रो संसोधनवाट थपिएको